NTNC

# सरसी

● वर्ष २१ ● अङ्क ४० ● २०७४

समाचारपत्र



## राष्ट्रिय प्रकृति संरक्षण कोष
## जैविक विविधता संरक्षण केन्द्र

सौराहा, चितवन

यस अङ्कभित्र

- सम्पादकीय १
- केन्द्रद्वारा आ.व. २०७३/०७४ मा सम्पन्न गरिएका मुख्य कार्यक्रमहरु ४-२०
- लेख रचनाहरु २१-२२

वर्ष २१ अङ्क ४० आषाढ २०७४

**राष्ट्रिय प्रकृति संरक्षण कोष**
**जैविक विविधता संरक्षण केन्द्र**

"विकासको लागि संरक्षण"

**समाचार पत्र**

**सल्लाहाकार**
डा. चिरञ्जीवी प्रसाद पोखरेल
श्री बाबुराम लामिछाने
श्री सन्तोष भट्टराई

**सम्पादक**
श्री परमानन्द गर्ग

**सहयोगी**
श्री पवित्रा गोतामे
श्री प्रतिज्ञा ज्ञवाली
एवम्
जैविक विविधता संरक्षण केन्द्र परिवार

**प्रकाशक**:
राष्ट्रिय प्रकृति संरक्षण कोष
जैविक विविधता संरक्षण केन्द्र

**मुद्रण**:
कालिका छापाखाना
न्यूरोड, नारायणगढ
फोन: ०५६-५७०११४

**कम्प्यूटर कला**
मदन सेन्चुरी

## राष्ट्रिय प्रकृति संरक्षण कोष

नेपालको प्रकृति, प्राकृतिक सम्पदा तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा नेपाल सरकारका प्रयासहरुलाई सहयोग गर्ने उद्देश्यले २०३९ सालमा तत्कालिन श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषका नाममा एक स्वायत, नाफारहित, संस्थाको रुपमा ऐनद्धारा यसको स्थापना गरिएको थियो। बि.सं.२०६३ साल असोजमा कोषको ऐन संशोधन सहित राष्ट्रिय प्रकृति संरक्षण कोष नामाकरण भई कोषको गरिमामय संरक्षकमा राष्ट्रका सम्माननीय प्रधानमन्त्री हुने व्यवस्था र संरक्षकले तोकेको व्यक्ति अध्यक्ष रहने व्यवस्था गरेको छ। कोषको सञ्चालक समितिमा वन तथा भू-संरक्षण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अर्थ मन्त्रालय र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवज्यूहरु तथा ख्यातिप्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरु रहने प्रावधान छ। कोषलाई सहयोग गर्न क्यानडा, फ्रान्स, जर्मनी, नेदरल्याण्डस्, जापान र बेलायतमा अन्तर्राष्ट्रिय च्याप्टरहरु स्थापना भएका छन्।

प्राकृतिक सम्पदा तथा जैविक विविधता संरक्षण गर्दै दिगो विकासको सुनिश्चितताका लागि जनसहभागितामा आधारित भएर संरक्षण र विकास कार्यक्रमहरुलाई सँगसँगै लिएर जानु पर्दछ भन्ने कोषको सिद्धान्त रहदै आएको छ। यसै सिद्धान्तमा आधारित रहेर कोषले तराईका विभिन्न जिल्लाहरु (चितवनमा-जैविक विविधता संरक्षण केन्द्र, बर्दियामा-बर्दिया संरक्षण कार्यक्रम, कञ्चनपुरमा-शुक्लाफाँटा संरक्षण कार्यक्रम, पर्सामा-पर्सा संरक्षण कार्यक्रम) र पहाडका विभिन्न जिल्लाहरु (अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मनास्लु संरक्षण क्षेत्र आयोजना, गौरी शंकर संरक्षण क्षेत्र आयोजना) र ललितपुरको सदर चिडियाखाना सञ्चालन तथा व्यवस्थापन गर्दै आईरहेको छ।

वन्यजन्तुहरुको अनुसन्धान तथा अनुगमन गर्ने, स्थानीय जनसमुदायलाई प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापनमा सवल बनाउने तथा उनीहरुको जीवनस्तर माथि उकास्न सहयोग गर्ने र क्षेत्रीयस्तरको अनसुन्धान तथा तालिम केन्द्रको रुपमा विकास गर्ने उद्देश्यका साथ सन् १९८९ मा यस केन्द्रको स्थापना भएको हो। चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा वरण्डाभार जैविकमार्ग लगायत आसपासका वन क्षेत्रमा सरोकारवाला संघ संस्थाहरुसंग समन्वय गरी यस केन्द्रले स्थापनाकाल देखि नै कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ। आवश्यकतानुसार समस्यामूलक वन्यजन्तुहरुलाई नियन्त्रण गर्न तथा घाइतेलाई औषधि उपचार गर्न समेत यस केन्द्रले नेपाल सरकार र स्थानीय निकायहरुलाई प्रत्यक्षरुपमा सहयोग पुऱ्याउँदै आएको छ। यसैगरी पर्सा राष्ट्रिय निकुञ्जमा पनि कार्यक्रमहरु सञ्चालन गर्ने उद्देश्यका साथ २०६७ साल देखि यस केन्द्र अन्तर्गत रहने गरी पर्सा संरक्षण कार्यक्रमको शुरुवात गरिएको छ।

## सम्पादकीय

# आखेटोपहार व्यवस्थापन

नेपाल सरकारको निर्देशन बमोजिम विश्व जैविक विविधता दिवस (मे २२) को दिन पारेर ४८ वन्यजन्तु प्रजातिका ४०१२ वटा आखेटोपहार (मृत वन्यजन्तुका शरीर वा अंग प्रत्यङ्ग) जलाईयो। यसरी जलाउनुको मुख्य उद्देश्य वन्यजन्तुको चोरीशिकार तथा अवैध व्यापार नियन्त्रण प्रति शुन्य सहनशीलता देखाउँदै आम मानिसमा "वन्यजन्तुको महत्त्व जिउँदोमा हुन्छ मरेपछि हैन" भन्ने सन्देश दिनु रहेको छ। समाजमा आफ्नो रवाफ र वैभव देखाउन प्राचिनकाल देखि नै राजा, महाराजा तथा अन्य, ठूला बडा घरानाले महल तथा दरबारभित्रको सृङ्गार र सजावटको प्रयोजनमा वन्यजन्तुको विभिन्न अंग र प्रत्यङ्गहरु (जस्तै हाड, छाला, रौं, सिंग आदि) प्रयोग गरेका हुन्थे। यही प्राचीन अभ्यासको सिको गर्दै कतिपय धन्याढ तथा नवधन्याढ वर्गले विलासी सजावटको सामग्रीको रुपमा आखेटोपहार प्रयोग गर्ने गरेको देखिन्छ। यस्तो क्रम दक्षिणपूर्वी एशियाका चीन, भियतनाम लगायतका देशहरुमा बढी देखिएको छ। यी देशहरुमा वन्यजन्तुको खाग, छाला, हडी, पित्त आदिबाट औषधि बन्छ भन्ने गलत धारणाका कारण पनि वन्यजन्तुको चोरीशिकार तथा अवैध व्यापार बढिरहेको छ। औद्योगीककरण र अधुनिकताको विकासले संसारको एक ठाउँबाट अर्को ठाउँबीचको दूरी साँघुरिँदै गएको छ। चीन तथा दक्षिणपूर्वी एशियामा आर्थिक सम्बृद्धिसँगै यस्ता आखेटोपहारहरुको माग बढिरहेको अध्ययनले देखाएको छ। यसको प्रत्यक्ष असर नेपालजस्ता वन्यजन्तुहरु पाइने देशहरुमा परेको छ। गैरकानूनी बजारमा यस्ता वस्तुहरुको अधिक मूल्यका कारण गरीब तथा विपन्न वर्गका मानिसहरुलाई तस्कारहरुले आर्थिक प्रलोभनमा परी चोरीशिकारमा परिचालन गर्ने गरेको पाईन्छ।

वन्यजन्तु तथा तिनीहरुको अङ्ग प्रत्यङ्गको अन्तर्राष्ट्रिय व्यापारमा नियमन गरी दुर्लभ तथा संकटापन्न वन्यजन्तु संरक्षणमा सहयोग गर्ने उद्देश्यले सन् १९७३ मा ८० राष्ट्रहरुको उपस्थितिमा अन्तर्राष्ट्रिय सन्धि भयो। हालसम्म १८३ देशहरु पक्ष राष्ट्ररहेको साईटिस अभिसन्धि सन् १९७५ को जुलाई १ तारिख देखि लागू भएको छ। साईटिस महासन्धिको अनुसूची १,२ र ३ मा समावेश भएका प्रजाति वा तिनका अंग प्रत्यङ्ग वा कुनै भागहरुको निकासी पैठारी गर्नका लागि निकासी इजाजतपत्र लिएर मात्र गर्न पाउने व्यवस्था छ। दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्वन्धि महासन्धिको पक्ष राष्ट्रहरुको १५ औं सम्मेलन (COP 15) को घोषणापत्रमा आखेटोपहार नष्ट गर्न सकिने व्यवस्था छ।

नेपालले १८ जुन १९७५ मा हस्ताक्षर गरी १६ सेप्टेम्वर १९७५ बाट आधिकारिक रुपमा साईटिसको सदस्य राष्ट्र भएको हो। नेपालले साईटिसको सफल कार्यान्वयनमा सहयोग पुगोस् भनि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र नियमावलीहरु, वन ऐन २०४९ र नियमावली, निकासी पैठारी ऐन २०१३, नियमावलीहरु, भंसार ऐन २०१९, नियमावलीहरु लगायतको कानूनमा संशोधन गर्दै आएको छ। अवैधरुपमा हुने तस्करीलाई नियन्त्रण गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन विभाग, नेपाल प्रहरी, नेपाली सेना लगायतको संयुक्त संजाल निर्माण भएको छ। समुदायमा आधारित चोरी शिकार नियन्त्रण कार्यक्रमका साथै संरक्षण शिक्षाका कार्यक्रमहरुको माध्यमबाट अवैध व्यापारलाई नियन्त्रण गर्ने प्रयास गर्दै आएको छ। कालगतिले मरेका, गैरकानूनी रुपमा बरामत हुने आखेटोपहारहरुको भण्डारणको व्यवस्थापन चितवन राष्ट्रिय निकुञ्ज (संरक्षित क्षेत्रभित्रका) र टिकौली सशस्त्र केन्द्र (संरक्षितक्षेत्र बाहिरका) मा गर्दैआएको छ।

धार्मिक, सांस्कृतिक र वैज्ञानिक तवरले वन्यजन्तुका आखेटोपहारहरुको आफ्नै प्रकारको महत्व छ। प्राकृतिक वा अन्य कुनै कारणले मृत्यु भएका प्राणीहरुको अंगको प्रयोगशालामा परीक्षण गरी तिनको आनुवंशिक विविधता, प्रजातिय विवरण र पारिस्थितिकी सम्बन्धी जानकारीहरु प्राप्त गर्न सकिन्छ। शैक्षिक र अनुसन्धानको दृष्टिकोणले हेर्दा वन्यजन्तुका अंगहरुलाई संग्रहित गरि राख्नु उपयोगी हुन्छ। तर हाम्रो देशमा यस्ता संग्रहगर्ने आधुनिक प्रविधियुक्त स्तरको भौतिक संरचनाहरु नहुँदा व्यवस्थापन र सुरक्षाको समस्याका चुनौतीहरु रहेका छन्। भण्डारण गरिएका आखेटोपहारहरुको उचित संरक्षण र व्यवस्थापन हुन नसक्दा कुहिने र वातावरण नै प्रदुषित हुने गर्दछ। यस्ता आखेटोपहारहरु कानूनी रुपमा बेच्न प्रतिबन्ध हुने तथा सुरक्षा एवं संरक्षणमा समेत राज्यले वर्षेनी लाखौंरुपैयाँ खर्चिनुपर्ने बध्यता छ। त्यसैले बेला बेलामा आखेटोपहार जलाएर व्यवस्थापन

# सम्पादकीय

गर्ने गरिएको छ। यसअघि २०५३ सालमा त्यतिवेला सम्म जम्मा भएको आखेटोपहार जलाईएको थियो। नेपाल सरकारले बीस वर्षपछि फेरि अध्ययन अनुसन्धान वा शैक्षिक प्रयोजनमा प्रयोग हुने बाहेकका वन्यजन्तुका अङ्गहरु नष्टगर्ने निर्णय मन्त्रीपरिषदले जेष्ठ ४, २०७४ मा गर्‍यो। विश्व जैविक विविधता दिवसको अवसरमा मुलुकभरीबाट चितवन राष्ट्रिय निकुञ्ज, कसरा, चितवनमा जम्मा हुनआएका २२७३ थान (सशस्त्रवन तालिम केन्द्रमा १७३८ थान वन्यजन्तु ओखेटोपहार मिति २०७४ साल जेष्ठ ८ गतेका दिन चितवन राष्ट्रिय निकुञ्ज, कसराको मुख्यालयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय करीब ७०० जना व्यक्तित्वहरुको उपस्थितिमा जलाईएको थियो।

विश्व बजारमा आर्थिक हिसावले बहुमूल्यवान वन्यजन्तुका अङ्गहरु जलाएको भनि नेपाल सरकारको आलोचन पनि भयो। वन्यजन्तुको अंगहरु विश्वबजारमा अत्यधिकमूल्यमा विक्रीहुने हुँदा कानूनीरुपमा नै ओसारपसार गर्न दिनु पर्ने भनाईहरु पनि आउने गरेको पाईन्छ। तर सानो आर्थिक लोभमा यस्ता आखेटोपहार बेच्न थाल्ने हो भने माग अझै बढ्न गई जीवित वन्यजन्तुहरुलाई चोरीशिकारको जोखिम बढ्ने अध्ययनहरुले देखाएको छ। ज्यानको बाजी लगाइ गैंडा, बाघ, हात्ती, कस्तुरीमृग लगायतका दुर्लभ वन्यजन्तुको अंग हातपार्न पल्केका ति समूहहरुलाई विश्व बजारमा वन्यजन्तुका अंग प्रत्यङ्गहरुको कुनै मूल्य छैन, कुनै पनि प्रकारको औषधि बनाउन प्रयोग नहुने भन्ने सन्देश दिन नेपाल सरकार र संरक्षण कार्यमा लागीपरेका संरक्षण कर्मीहरु सफल भएका छन्।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को संशोधित ऐन २०७३ को दफा १० मा आखेटोपहार नष्ट गर्ने, अनुसन्धान वा शैक्षिक प्रदर्शनी प्रयोजनमा प्रयोग गर्न दिने व्यवस्था छ। यस्तो प्रकारको कानूनी व्यवस्थाले अगामीदिनमा नेपाल सरकार र संरक्षण कार्यमा हातेमालो गर्ने निकायहरुको संयुक्त पहलमा यस कार्यले साईटिस महासन्धिको कार्यन्वयनमा हाम्रो राष्ट्र नेपाल प्रतिवद्ध छ भनि सकारात्मक सन्देश फैलाएको छ।

# केन्द्रद्वारा आर्थिक वर्ष २०७३/०७४ मा सम्पन्न गरिएका कार्यक्रमहरु

## विशेष कार्यक्रम

### आखेटोपहार व्यवस्थापन

वन्यजन्तुहरुको चोरीशिकार तथा तिनका अङ्ग प्रत्यङ्गहरुको अवैध व्यापारलाई नियन्त्रण तथा निरुत्साहित गर्न नेपालमा कालगतिले मरेका र विभिन्न राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र वन कार्यालयले नेपालको नाका भएर तस्करी गर्ने क्रममा बरामद गरी भण्डारण गरी राखिएका वन्यजन्तुका अंगहरुको कुनै मूल्य छैन, कुनै पनि औषधि बनाउन प्रयोग हुँदैन भन्ने सन्देश फैलाउने उद्देश्यले जैविक विविधता दिवस (मे २२, सन् २०१७) को अवसरमा मन्त्रीपरिषदको जेष्ठ ४, २०७४ को निर्णय अनुसार वन मन्त्रालयको पहलमा शसस्त्र तालिम केन्द्र, टिकौली, र चितवन राष्ट्रिय निकुञ्ज, कसरा, चितवनमा जम्मा हुनआएका (सशस्त्र वन तालिम केन्द्रमा १७३९ थान, निकुञ्ज मुख्यालय कसरामा २२७३ थान सहित) कुल जम्मा ४ हजार १२ थान वन्यजन्तु आखेटोपहार मिति २०७४ साल जेष्ठ ८ गतेका दिन २० वर्ष पछि चितवन राष्ट्रिय निकुञ्ज, कसरास्थितको नेपाली सेनाको प्रांगणमा जलाउने कार्यक्रम सम्पन्न भएको थियो। जलाईएका आखेटोपहार साईटिस महासन्धिको अनुसूची १, २, ३ र अन्यसंग सम्वन्धित क्रमश : १८, ४, ४ र २२ प्रजाति गरी जम्मा ४८ प्रजातिको रहेको थियो। उक्त कार्यक्रममा नेपाल सरकारका तीन मन्त्री र एक राज्यमन्त्रीका साथै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन विभाग, नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोष, ZSL-Nepal, WWF- Nepal लगताय अन्य गैरसरकारी संघ संस्था, संचारकर्मी, पत्रकार र स्थानीय वासिन्दाहरुको सहभागिता रहेको थियो। उक्त कार्यले गर्दा वन्यजन्तुको चोरीशिकार र तस्करीमा लागेका समूह तथा मानिसहरु निरुत्साहित हुने छन् भने जैविक विविधता तथा वन्यजन्तुको संरक्षणमा सहयोग पुग्ने विश्वास छ।



तस्वीर १ : आखेटोपहार जलाईदैको दृश्य

**तालिका १ : जलाईएका प्रजातिहरुको आखेटोपहार विवरण**

| क्रं स. | प्रजाति | विवरण | एकाई | संख्या |
|---|---|---|---|---|
| १ | गैंडा | खाग | थान | ३५७ |
| २ | बाघ | छाला | थान | ६७ |
| ३ | हात्ती | रौं पुच्छर | थान | ३५४ |
| ४ | कस्तुरी | विना | थान | ३४ |
| ५ | चिरु (साहसुत) | रौं | पोका | ४२ |
| ६ | सालक | खपटा | पोका | २ |
| ७ | भालू | पित्त थैली | थान | १५ |
| ८ | हाब्रे | छाला | थान | ४७ |
| ९ | हिउँ चितुवा | छाला | थान | १ |
| १० | ध्वाँसे चितुवा | छाला | थान | १ |
| ११ | चितुवा | छाला | थान | ४१८ |
| १२ | अन्य | | | २६७४ |
| | | | **जम्मा** | **४०१२** |

## १. वन्यजन्तु अध्ययन तथा अनुसन्धान

### १.१ प्रजाति स्थानान्तरण

नेपालमा संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत भएका तथा संसारमै दुर्लभ र संकटापन्न एक सिंङ्गे गैंडा, अर्ना र बाह्रसिंगाको दिगो संरक्षण गर्न, आनुवंशिक विविधता (Genetic diversity) बढाउन र ऐतिहासिक वासस्थानमा पुर्नस्थापना मार्फत क्षेत्र विस्तार गरी लोप हुनबाट जोगाउनका लागि मद्दत पुगोस् भन्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाली सेना, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लू डब्लू एफ-नेपाल र स्थानीय जनताहरुको



तस्वीर २ : स्थानान्तरण गर्न डार्ट गरिएको गैंडाको नाप लिदैं प्राविधिक टोली

संयूक्त सहकार्यमा यूएसएड हरियो वन कार्यक्रम र जेड.एस.एल, नेपालको आर्थिक सहयोगमा तपसिल बमोजिमका प्रजातिहरुको स्थानान्तरण कार्य (गैंडा- २१ देखि २८ चैत्र, २०७३, अर्ना- १४ देखि २७ फाल्गुन, २०७३ र बाह्रसिंगा-१३ देखि २० बैशाख, २०७४) सम्पन्न गरियो। उक्त कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा कोषले विशेष भूमिका खेलेको थियो। स्थानान्तरण गरिएका विभिन्न प्रजातिहरुको नियमित अनुगमन कार्य सम्वन्धित निकुञ्ज तथा कोषबाट भईरहेको छ ।



तस्विर ३: स्थानान्तरणका लागि समातिएको बाह्रसिंगालाई खोरमा राख्दै

**तालिका २ : प्रजाति स्थानान्तरण विवरण**

| क्र.सं. | प्रजाति | बाट | सम्म | संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | भाले | पोथी | उमेर |
| १ | गैंडा | चितवन राष्ट्रिय निकुञ्ज | बर्दिया राष्ट्रिय निकुञ्ज | १ | २ | वयस्क |
| | गैंडा | चितवन राष्ट्रिय निकुञ्ज | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | १ | ४ | वयस्क |
| २ | अर्ना | कोशीटप्पु वन्यजन्तु आरक्ष | चितवन राष्ट्रिय निकुञ्ज | २ | ९ | वयस्क |
| | अर्ना | कोशीटप्पु वन्यजन्तु आरक्ष | चितवन राष्ट्रिय निकुञ्ज | ० | १ | अर्धव्यस्क |
| | अर्ना | सदर चिडियाखाना | चितवन राष्ट्रिय निकुञ्ज | १ | २ | वयस्क |
| | अर्ना | कोशीटप्पु वन्यजन्तु आरक्ष | सदर चिडियाखाना | १ | ० | वयस्क |
| ३ | बह्रसिंगा | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | चितवन राष्ट्रिय निकुञ्ज | २ | ५ | वयस्क |

## १.२ क्यामेरा ट्र्यापिङ्ग (पाटे बाघ अनुगमन)

पाटे बाघको नियमित अनुगमन कार्यक्रम अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्ज तथा त्यसको विस्तारक्षेत्र गरी जम्मा ६२७.३९ वर्गकिलोमिटर क्षेत्रफलमा क्यामेरा ट्र्यापिङ्ग विधिबाट बाघ अनुगमन कार्य सम्पन्न गरिएको थियो। निकुञ्ज क्षेत्रलाई २x२ वर्गकिलोमिटरको १६७ वटा ग्रीड निर्माण गरी प्रत्येक ग्रीडमा एकजोडी क्यामेरा २१ रात राखी सर्भेक्षण गरिएको थियो। पर्सा निकुञ्ज क्षेत्रलाई तीन वटा ब्लकमा विभाजन गरी नोभेम्बरदेखि फेब्रुअरी २०१७ सम्म पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय र राष्ट्रिय प्रकृति संरक्षण कोषले IUCN/ KFW/ZSL को आर्थिक सहयोग अनुगमन गरेको थियो। उक्त अवधिमा क्यामेरा ट्र्यापिङ्गमा

कैद भएका वयस्क पाटे बाघ १७ वटा (भाले-६ वटा, पोथी- ११ वटा) भनि पर्सा राष्ट्रिय निकुञ्जबाट सार्वजनिक गरिएको छ। त्यस्तै अघिल्ला ३ वर्षमा गरिएको सर्भेक्षणको नतिजा अन्तर्राष्ट्रिय वैज्ञानिक जर्नल-ओरिक्समा समेत प्रकाशित भएको छ।





तस्वीर ४ : क्यामेरा जडान गर्दै वन्यजन्तु प्राविधिक र क्यामेरामा कैद भएको बाघ

## १.३ मलाहा विरालो (Fishing Cat)

कोशीटप्पु वन्यजन्तु आरक्षको पूर्व मध्यवर्ती क्षेत्रमा रहेका माछा पोखरीहरुमा मलाहा विरालोको अवस्था पत्ता लगाउने उद्देश्यले Taronga Foundation को आर्थिक सहयोगमा क्यामेरा ट्रयापिङ प्रविधि मार्फत नोभेम्वर १० देखि नोभेम्वर अन्तिम २०१६ सम्म अध्ययन गरिएको थियो। क्यामेरा ट्रयापिङ प्रारम्भ गर्नु अघि त्यस क्षेत्रका करीब ५५ जना स्थानीय माछापालक कृषकहरुसंग मलाहा विरालो सम्वन्धि प्रश्नावली तयार गरी अर्न्तवार्ता समेत लिएको थियो। त्यस क्षेत्रमा रहेका माछा पोखरीहरु मध्ये कृषकको भनाईको आधारमा मलाहा विरालोले क्षति पुऱ्याएका १० वटा र क्षति नपुऱ्याएका १० वटा पोखरीहरुलाई छानेर २ वटा ब्लकमा अनुसन्धान गरिएको थियो। उक्त अध्ययनबाट प्राय: जसो (८० प्रतिशत) माछा पोखरीहरुमा मलाहा विरालो आउने गरेको पाइयो। यसरी पोखरीमा आउने विरालोको संख्या १० भन्दा कम रहेको र एउटै विरालो धेरै वटा पोखरीमा जाने गरेको पाईयो। साथै मलाहा विरालो बारे स्थानीय वासिन्दाहरुमा चेतना फैल्याउन ८ वटा स्कुलका ९३७ जना विद्यार्थीहरु र स्थानीय समुदायका ४९ जनालाई प्रत्यक्षरुपमा मलाहा विरालो र अन्य वन्यजन्तु सम्वन्धि संरक्षण शिक्षा प्रदान गरिएको थियो।



तस्वीर ५ : क्यामेरा ट्रयापमा कैद भएको मलाहा विरालो

## १.४ वन्यजन्तु आनुवंशिक अध्ययन प्रयोगशाला

आनुवंशिक अनुसन्धान मार्फत वन्यजन्तुको दिगो संरक्षण र प्रभावकारी व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय प्रकृति संरक्षण कोष–जैविक संरक्षण विविधता केन्द्र, सौराहामा आनुवंशिक प्रयोगशाला स्थापना गरिएको छ। उक्त प्रयोगशालामा आवश्यक पर्ने उपकरणहरु USAID हरियो वन कार्यक्रम लगायत अन्य दातृ निकायहरुको आर्थिक सहयोगमा सामग्रीहरु खरिद गरिएको थियो। प्रयोगशालामा हाल सम्म सालक, बाह्रसिंगा र कस्तुरी मृगको दिसा तथा अर्नाका रगत र दिसा दुबै संकलन गरी आनुवंशिक अध्ययन गरिएको थियो।



तस्विर ६ : आनुवंशिक परीक्षण गर्दै प्रयोगशालामा तथा उपकरणहरु

## १.५ जैविक विविधता अनुगमन प्रोटोकल

जलवायू परिवर्तनको असर न्यूनिकरणका लागि वन विनाश तथा क्षयिकरण कम गरी कार्वन उत्सर्जन घटाउने उद्देश्यले अन्तर्राष्ट्रिय स्तरमा सञ्चातिल रेडप्लस (REDD+) कार्यक्रममा नेपाल पनि सहभागी छ। यसरी वन संरक्षण गर्दा जैविक विविधताको समेत संरक्षण हुने स्वभाविक हो। यसरी रेडप्लस कार्यक्रमका कारण जैविक विविधता संरक्षणमा पुगेको फाईदाको मापन गर्न समग्र जैविक विविधताको अनुगमन कार्यविधि आवश्यक हुन्छ। तसर्थ, तराईका संरक्षित क्षेत्रहरुमा पाईने जीवजन्तु तथा वनस्पतिहरुको अनुगमन गर्नका लागि दिगोरुपमा सहयोग पुगोस् भन्ने उद्देश्यले ICIMOD को आर्थिक र यस केन्द्रको प्राविधिक सहयोगमा पर्सा राष्ट्रिय निकुञ्जसंगको समन्वय तथा सहकार्यमा रेडप्लस जैविक विविधता अनुगमन प्रोटोकल तयार गरियो। उक्त प्रोटोकल अनुसार पर्सा राष्ट्रिय निकुञ्जभित्र ३ वटा क्षेत्र (भाटा, हलखोरिया र कामिनी दह) पहिचान गरि प्राथमिक सर्भेक्षण कार्य सम्पन्न गरिएको थियो। सर्भेक्षण गर्दा अनुसन्धानको वैज्ञानिक विधि (लाईनट्रान्सेक्ट अनुगमन , क्यामेरा ट्रयापिङ्ग, शर्मन ट्र्याप र मिष्ट नेट, Pitfall Traps, Occupancy Survey, Transect Count, Point count,nocturnal and diurnal visual encounter surveys (VES) अपनाईएको थियो।

## १.६ अध्ययन अनुसन्धान सहयोग कार्यक्रम

विश्व विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वन्यजन्तु अनुसन्धान सम्वन्धी क्षमता अभिवृद्धि गर्न, संरक्षणमा देखिएका समस्याहरुको पहिचान र समाधानका उपायहरु पत्ता लगाई संरक्षण कार्यमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ केही विद्यार्थीहरुलाई विविध शिर्षकमा शोधपत्र तयार गर्नका लागि यस केन्द्रद्वारा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिएको थियो।

**तालिका २ : विद्यार्थी सहयोग विवरण**

| क्र. सं. | विद्यार्थीको नाम | विषय | विश्वविद्यालय | तह | स्रोत |
|---|---|---|---|---|---|
| 1 | Sujan Khanal | An assessment of Land use and Land cover change in Makwanpur District | IOF, Hetauda | B.Sc. | USFWS/HTC-Parsa |
| 2 | Dikshya Dixit Lamichhane | An assessment of Land use and Land cover change inBarandabhar Forest corridor | IOF, Hetauda | B.Sc. | USFWS/HTC-Chitwan |
| 3 | Khadka Kumari Silwal | Exploring Park-people conflict and Its Resolution at Chitwan National Park | IOF, Pokhara | B.Sc. | USFWS/HTC-Chitwan |
| 4 | Binaya Rawat | Status of Human-Tiger (Panthera tigris ) Conflict in Parsa Wildlife Reserve | KAFCOL | B.Sc. | USFWS/HTC-Parsa |
| 5 | Sudip KC | Geo-spatial Modelling of habitat suitability of Gaur using Multiple logistic Regression in Chitwan-Parsa Complex. | IOF, Pokhara | B.Sc. | USFWS/HTC-Parsa |
| 6 | Bijaya Tiwari | Prevalence and associated risk factors of Trypanosome evansi in captive elephant around Chitwan-Parsa Complex. | IAAS, Rupandehi | B.Sc. | ECI |

| क्र. सं. | विद्यार्थीको नाम | विषय | विश्वविद्यालय | तह | स्रोत |
|---|---|---|---|---|---|
| 7 | Chhaya Khanal | Study of Potential disease vector for Tiger Population in Buffer Zone of Chitwan National Park | AFU, Rampur | B.Sc. | USFWS/Veterinary care |
| 8 | Dinesh Pant | Demography of Livestock in Buffer zone of Chitwan National Park | AFU, Rampur | B.Sc. | USFWS/Veterinary care |
| 9 | Richa Khadka | Comparitive Study on the Prevalance of Helminth Infestation in Wild And Domestic Asiatic Elephants (Elephas maximas) in Chitwan | HICAST, KTM | B.Sc. | VIEW |
| 10 | Deepa Dangol | Study on Elephant-people conflict in Chitwan National Park | Trichandra Campus, KTM | B.Sc. | USFWS/HEC |
| 11 | Kisman Bhattarai | Forest Cover Change; its impact on Human Wildlife Conflict in Chitwan National Park | IOF, Hetauda | B.Sc. | USFWS/HTC-Chitwan |
| 12 | Birendra Prasad Patel | Assessment of Human-Elephant Conflict in Buffer zone area of Parsa wildlife reserve, Nepal | IOF, Hetauda | B.Sc. | USFWS/HEC |

## २. जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण

### २.१ नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन

चितवन जिल्लाको उपल्लो तटिय र तल्लो तटिय क्षेत्रमा हरियाली कायम राखी स्थानीय बासिन्दाहरुको घाँस, दाउरा लगायतका दैनिक वनपैदावारका आवश्यकताहरुलाई वैकल्पिक स्रोतबाट परिपूर्ति गर्न सहयोग पुऱ्याउने उद्देश्यले केन्द्रमा नर्सरी स्थापना गरिएको छ । निकुन्जवाट वाहिर आउन सक्ने वन्यजन्तुलाई थप वासस्थान उपलव्ध गराउनका निम्ती र स्थानीय जनताहरुलाई खाली, नीजि तथा सार्वजनिक जग्गामा वृक्षारोपण गर्न प्रेरित गर्ने उद्देश्यका साथ यस केन्द्रको परिसरभित्र रहेको नर्सरीमा यस वर्ष बहुउपयोगी २० प्रजाति (बकाईनो, अमला, सिसौ, जापानी गुल्मोहर, बाँसपाते, सिमल, सितलचिनी, रुखवयर, बर्रो, रुखकटहर, गुल्मोहर, गुलाब जामुन, सेतो सिरिस, रिङ्घा, पिपल, महारुद्र, समी, अम्वा र कालो सिरिस) जम्मा २१,५११ विरुवा उत्पादन गरी १०००० वटा विरुवा बृक्षारोपणका लागि वितरण गरियो । त्यस्तै पर्सा संरक्षण कार्यक्रमबाट पनि करीब ६००० विरुवा उत्पादन र वितरण गरियो ।

**तालिका ३ : असारसम्म वितरण गरिएको विरुवाहरुको विवरण**

| क्र.सं | संघ/संस्था/व्यक्तिको नाम | वहुप्रजातिको विरुवा | | |
|---|---|---|---|---|
| | | एकाई | संख्या | कैफियत |
| १ | श्री राष्ट्रिय प्राथमिक विद्यालय, बडा गाउँ, चितवन | वटा | २७५ | |
| २ | उदयपुर सामुदायिक वन समूह, का.नपा. जुटपानी, चितवन | वटा | ४००० | |
| ३ | सुनाखरी उपभोक्ता समिति, सुर्वणपुर, पर्सा | वटा | ५४५ | |
| ४ | पदम मिलन उपभोक्ता समिति, पदमपोखरी, मकवानपुर | वटा | ५४५ | |
| ५ | मनहरी उपभोक्ता समिति, मनहरी गाउँ पालिका | वटा | २१५० | |
| | जम्मा वितरण गरिएको विरुवा | | ७५१५ | |
| | केन्द्रको नर्सरीमा मौज्दात विरुवा | | १९९९६ | वितरण कार्य नियमित |

## ३. मानव–वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन कार्यक्रम

चितवन–पर्सा–वाल्मिकी (भारत) तीनवटै संरक्षितक्षेत्रसंग जोडिएका वनक्षेत्र तथा जैविक मार्गक्षेत्रमा वन्यजन्तुहरु ओहोरदोहोर गर्ने क्रममा स्थानीय वासिन्दाहरुले पालन गर्दै आएका पशुधन चौपायाका साथै गोठ, बालीनाली र मानवीय क्षति पनि हुने गरेको पाईन्छ । जसका कारण स्थानीय वासिन्दा, उपभोक्ता समिति र नेपाल सरकारका सम्वन्धित निकायहरु बीचमा बढ्दै जाने द्वन्दलाई न्यूनिकरण गर्न यस केन्द्रले तालिकामा उल्लेख भए अनुसारका निम्न कार्यक्रमहरु विभिन्न दातृ निकायहरुको आर्थिक सहयोगमा सञ्चालन गरेको थियो ।

## तालिका ६ : सञ्चालन गरिएका निम्न कार्यक्रमहरुको विवरण

| क्र. सं. | कार्यक्रमको नाम | लाभान्वित | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | संघ/संस्था/ समिति | ठेगाना | एकाई | परिमाण | आर्थिक श्रोत | |
| १ | | निर्मल ठोरी उपभोक्ता समिति | ठोरी, पर्सा | घरघुरी | २५ | IUCN/ KFW | |
| | परभक्षीरोधक खोर  वितरण | सुनाखरी उपभोक्ता समिति | सुवर्णपुर, पर्सा | घरघुरी | ५० | | बाखापालक किसानहरुको बाघ तथा चितुवाबाट हुने क्षति न्यूनिकरण हुनगई आर्यआर्जनमा बृद्धि हुने । जम्मा १७५ धरधुरी जना लाभान्वित हुने भएका छन । |
| | | निर्मल उपभोक्ता समिति | निर्मलवस्ती, पर्सा | घरघुरी | ५० | | |
| | | पंचमुखी उपभोक्ता समिति | महादेवपट्टि, पर्सा | घरघुरी | ५० | | |
| २ | सर्वेक्षण तथा नक्शांकन | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र | नवलपरासी, चितवन, मकवानपुर | समिति | २२ | Outreach- HWC (Rhinoceros and tiger) in Madi Valley of CNP | हालसम्म भए गरेको प्रयासहरुको बारे जानकारी तथा नक्शाङ्कन गर्ने उक्त कार्यक्रमबाट २२ वटा समितिलाई फाईदा पुगेको छ । |
| ३ | मोवाईल अप्लिकेशन | चितवन पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र | नवलपरासी, चितवन, मकवानपुर, बारा र पर्सा | समिति | ३५ | USFWS–HTC, Chitwan | वन्यजन्तुहरुबाट हुने क्षतिहरुको तथ्याङ्क संकलन डिजिटल प्रविधिबाट हुने हुँदा सरल र छिटोछरितो हुने । |
| ४ | बालीनाली क्षति राहत कोष | निर्माल ठोरी उभोक्ता समिति, | साविकको ठोरी गा.वि.स. ९, पर्सा | समिति | १ | USFWS-HEC Chitwan -Parsa , | समितिलाई राहत अक्षयकोष स्थापनार्थ आंशिक रुपमा आर्थिक सहयोग तथा कोष सञ्चालन विधान निर्माण गर्न प्राविधिक सहयोग प्रदान गरियो । उक्त कोषको स्थापना समिति, सहकारी र यस केन्द्रको सयुक्त आर्थिक सहभागितामा खडा भएको छ । राहत कोषको रकम बृद्धि गर्दै लैजानका लागि समितिले उपभोक्ताहरुबाट प्रति कट्ठा रु. २०।– रुपैयाको दरले संकलन गरी राहत कोषमा जम्मा गर्ने गरेको छ । समिति अन्तर्गतका उपभोक्ताहरुलाई विधान अनुसार राहत उपलब्ध गराउने कार्यको थालनी भए पछि समिति र स्थानीय बीचको द्वन्द कम हुँदै गएको छ । |
| ५ | निःशुल्क स्वास्थ्य शिविर | | माडी नगर पालिका | समिति | ४ | USFWS-HEC Chitwan‑ Parsa , | हात्ती पिडित समुदाय तथा स्थानीय वासिन्दाहरु लाभान्वित । |
| ६ | चेतनामूलक वृत्तचित्र निर्माण | चितवन र पर्सा रा.नि. अन्तर्गतका समिति | नवलपरासी, चितवन, मकवानपुर, बारा र पर्सा | स्थानीय वासिन्दाहरु | | USFWS-HEC Chitwan‑ Parsa , | हात्तीको परिचय, आनीवानी, वासस्थान र महत्वलाई समेटेर । |
| ७ | हात्ती अनुगमन सम्वन्धि तालिम | हात्ती अनुगमन उप‑ समिति | चितवन र पर्सा | ज्ना | १२ | USFWS-HEC Chitwan‑ Parsa , | हात्ती अनुगमन उप–समितिमा आवद्ध रहेका जम्मा १७ जना सदस्यहरुलाई ८ देखि ९ जनवरी २०१७ सम्म प्रदान गरियो । उक्त तालिममा पर्सा र चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रका समितिहरुबाट क्रमश : ६ र १० जना सहभागी हुनु भएको थियो । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | हात्ती अनुगमन समितिलाई वन्दोवस्ती समाग्रीहरु वितरण | अम्लेखगंज, निर्मलवस्ती, माडी र मनहरी उपभोक्ता समिति | | एकाई | ४ | USFWS-HEC Chitwan・Parsa , | चारवटा एकाईलाई क्यामेराका साथै सहभागीहरुलाई साईकल, झोला, टर्चलाईट, जिपीएस र ब्याग। |
| ९ | मानव बाघ द्वन्दको ऐतिहासिक तथ्याङ्क संकलन | पर्सा रा.नि. मध्यवर्ती क्षेत्रका उपभोक्ता समिति | मकवानपुर, बारा र पर्सा | समिति | १३ | USFWS–HTC, Parsa | बाघबाट हुने क्षतिहरुको अभिलेखिकरण गर्नका लागि २६० घरधुरीमा तथ्याङ्क संकलनका साथै समूहगत छलफल। |
| १० | आरआरटी सुदृढीकरण तालिम | रेपिड रेस्पोन्स टीम | चितवन र पर्सा | जना | ५९ | IUCN/ KFW | वन्यजन्तु बारेको ज्ञानमा अभिबृद्धि गर्नलाई ५ देखि १५ जुन, २०१७ सम्म तालिम सञ्चालन भयो । उक्त कार्यक्रमबाट ५९ जना लाभान्वित भएको। |
| ११ | अक्षय कोष स्थापना | श्री निर्मल उपभोक्ता समिति | ठोरी, पर्सा | समिति अन्तर्गतका उपभोक्ताहरु | | IUCN/ KFW | रेपिड रेस्पोन्स टीम परिचालन, व्यवस्थापन का साथै वार्षिक रुपमा तयार पारेको कार्यक्रमहरु अक्षयकोषको व्याजबाट सञ्चालन गर्न सहयोग हुनेछ । अक्षयकोष व्यवस्थापन कार्यविधि तयार गर्न प्राविधिक सहयोग गरियो। |
| | | कुसुम बाटिका उपभोक्ता समिति | निर्मलबस्ती, पर्सा | | | | |
| १२ | आवश्यक औजार तथा फिल्ड वन्दोवस्ती सामग्री | रेपिड रेस्पोन्स टीम | चितवन र पर्सा | वटा | | IUCN/ KFW | आरआरटी सुदृढीकरण र परिचालनार्थ सिल्पिङ्ग ब्याग, मेट्रस, रुकसेक ब्याग, रैनकोट, टर्च लाईट, रैनबुट, टेन्ट, सोलार लाईट, वाटर बोतल, प्राथमिक उपचार सामग्री, धागो, हेल्मेट, जीपीएस, बाईनोकुलर र टोपी लगायत सहयोग गरियो। |
| १३ | Rapid Response Team (रेपिड रेस्पोन्स टीम गठन) | निर्मल उपभोक्ता समिति र कुसुम बाटिका उपभोक्ता समिति | निर्मलबस्ती, पर्सा | वटा | २ | IUCN/ KFW | वन्यजन्तु चोरी शिकार तथा गैरकानूनी कार्य नियन्त्रण गर्न सहयोग पुग्ने। |



तस्वीर ७ : हात्ती अनुगमन समितिलाई वन्दोवस्ती सामाग्री साथै साईकल वितरण



तस्वीर ८ : परभक्षीरोधक खोर निर्माण

### ३.६ वन्यजन्तु अस्पताल स्थापना

यस केन्द्रले नेपाल सरकारका निकायहरुसंग प्रत्यक्ष समन्वय राखी मुलुकका विभिन्न स्थानबाट समस्या दिने, असक्त, अनाथ, असहाय, वन्यजन्तुबाट घाईते र टुहुरा वन्यजन्तुको उद्धार गरी व्यवस्थापन गर्दै आएको छ। उद्धार गरिएका विविध प्रजातिका वन्यजन्तुहरुको व्यवस्थापन गर्न केन्द्रसंग भौतिकपूर्वधारको अभावका कारण तिनीहरुको स्वास्थ्य परिक्षण तथा उपचार गर्न कठीनाई हुने गरेको थियो। वन्यजन्तुहरुको स्वास्थ्य परिक्षण तथा उपचार छिटो, सजिलो र प्रभावकारी बनाउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषले संयुक्तरुपमा चितवन राष्ट्रिय निकुञ्जको पूर्वीसेक्टर, सौराहामा अस्पताल स्थापना गर्न १४ कोठे दुई तल्ले भवन निर्माण कार्य शुरु भएको छ। अगामि आ.व. सम्ममा Laboratory, Operation Theatre, ICU Room, Isolation Room, Foyer /Front Office लगायतका सुविधा सहितको वन्यजन्तु अस्पताल सञ्चालनमा ल्याउने केन्द्रको लक्ष्य रहेको छ।

### ३.७ वन्यजन्तु उद्धार तथा व्यवस्थापन

समस्या दिने, असक्त तथा अनाथ वन्यजन्तु उद्धार तथा व्यवस्थापन गर्न चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रका साथै नेपालका अन्य भागमा समेत पुगेर त्यस्ता वन्यजन्तुलाई नियन्त्रणमा लिई उचित व्यवस्थापनका लागि यस केन्द्रले अग्रणी भूमिका खेल्दै आएको छ। यस आ.व. मा नेपालका विभिन्न स्थानहरुबाट १३ वटा वन्यजन्तु (तालिका ७) उद्धार तथा व्यवस्थापन गर्न निकुञ्ज, आरक्ष तथा वन कार्यालयहरुलाई केन्द्रबाट सहयोग प्रदान गरिएको थियो। जसले गर्दा मानव तथा वन्यजन्तु दुवै तर्फ हुनसक्ने सम्भावित क्षतिहरु न्यूनिकरण हनपुगेको छ।



तस्वीर ९ : बाघ उद्धार गर्दै प्राविधिक टोली

## तालिका ७ : उद्धार गरिएका वन्यजन्तुहरुको विवरण

| क.सं. | मिति | प्रजाति | लिङ्ग | उमेर | उद्धार गरिएको स्थान | संख्या |
|---|---|---|---|---|---|---|
| १ | २०७३।०५।०३ | गैंडा | भाले | वयस्क | गैंडाटार, रौतहट | १ |
| २ | २०७३।०५।१६ | चितुवा | भाले | अर्धवयस्क | बेसीशहर, लम्जुङ्ग | १ |
| ३ | २०७३।०५।२० | गैंडा | भाले | बच्चा | अमलटारी, नवलपरासी | १ |
| ४ | २०७३।०५।२३ | गैंडा | भाले | बच्चा | मेघौली पोष्ट, चितवन | १ |
| ५ | २०७३।१२।१६ | चितल | भाले | बच्चा | जिल्ला वन कार्यालय, चितवन | १ |
| ६ | २०७३।१२।२५ | वन विरालो | भाले | बच्चा | जिल्ला वन कार्यालय, चितवन | १ |
| ७ | २०७४।०१।०३ | गैंडा | भाले | बच्चा | गैरीवारी, चितवन | १ |
| ८ | २०७४।०१।०८ | गैंडा | भाले | व्यस्क | रौतहट | १ |
| ९ | २०७४।०१।०६ | बंदेल | भाले | बच्चा | जिल्ला वन कार्यालय,चितवन | १ |
| १० | २०७४।०१।२७ | गैंडा | भाले | वयस्क | बर्दिया रा.नि. | १ |
| ११ | २०७४।०२।०२ | तामे सालक | भाले | वयस्क | चेपाङ्ग गाउँ, चितवन | १ |
| १२ | २०७३।१०।१७ | बाघ | पोथी | वयस्क | दुम्सी, नवलपरासी | १ |
| १३ | २०७४।०२।१५ | चितुवा | भाले | बुढो | ठोरी, पर्सा | १ |
| | | | | | **जम्मा** | **१३** |

## ४. संरक्षण शिक्षा तथा प्रचार प्रसार कार्यक्रम

चितवन र पर्सा राष्ट्रिय निकुञ्जको आसपास बसोवास गर्ने स्थानीय वासिन्दाहरुमा जैविक विविधता, वन्यजन्तु, वनस्पति र मानव–वन्यजन्तु बीचको द्वन्द व्यवस्थापन गर्न चेतना फैल्याउने उद्देश्यले तालिका नम्वर ८ मा उल्लेख भए अनुसारका सन्देश मुलक विविध कार्यक्रमहरु सञ्चालन गरिएको थियो। ५३ स्थानमा सञ्चालन गरिएको संरक्षण शिक्षा कार्यक्रमबाट १५९० जना प्रत्यक्ष र रेडियो तथा अन्य कार्यक्रमबाट प्रत्यक्ष र अप्रत्यक्षरुपमा चेतनाको संन्देश पुगेको छ।

## तालिका ५ : सञ्चालन गरिएका कार्यक्रमहरुको विवरण

| क. स. | विवरण | शिर्षक | एकाई | संख्या | लाभान्वित | अवधि | आर्थिक श्रोत्त |
|---|---|---|---|---|---|---|---|
| १ | चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती उपभोक्ता समिति | मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि संरक्षण शिक्षा तथा अर्न्तक्रिया कार्यक्रम | समिति | २२ | स्थानीय वासिन्दा | मिति १३ जुन २०१७ देखि नियमित | USFWS Outreach-HWC (Rhino-Tiger) in Madi valley |
| २ | चितवन माडी, ठोरी क्षेत्र | इको क्लव गठन तथा मानव-हात्ती सहअस्तित्व जागरुकता शिविर | विद्यालय | १७ | ६५० जना | पौष देखि फल्गुन महिना २०७२ | USFWS-HEC Chitwan- Parsa Complex |
| ३ | पर्सा रा.नि. अन्तर्गतका विद्यालयहरु | बाघ संरक्षण शिक्षा | वटा | १४ | विद्यार्थी र शिक्षक | असार, २०७३ | USFWS-HTC, Parsa |
| ४ | सामुदायिक रेडियो माडी लगायत १९ वटा रेडियो | साप्ताहिक रेडियो नाटक बनकरिया | अंक | १३ | नवलपरासी, चितवन, मकवानपुर, बारा, पर्सा र रौतहट जिल्लाका स्थानीय वासिन्दा | २०७३ साल माघ १ गतेदेखि ३ महिना सम्म। बाँकी ९ महिना रेडियो माडीले मात्र सञ्चालन गर्ने। | USFWS-HEC Chitwan- Parsa Complex |
| ५ | सरोकारवालाहरुसंग हातेमालो गरि महत्वपूर्ण दिवस मनाउने कार्य | • २२ औं विश्व वन्यजन्तु सप्ताह–२०७४,<br>• विश्व सिमसार दिवस<br>• विश्व वन्यजन्तु दिवस<br>• विश्व वातावरण दिवस<br>• बाघ दिवस<br>• विश्व गैडा दिवस | वटा | ७ | स्थानीय वासिन्दा | • १ देखि ७ बैशाख, २०७४<br>• २० माघ, २०७४<br>• २० फल्गुन, २०७४<br>• २२ जेष्ठ, २०७४<br>• २९ श्रावण, २०७३<br>• ६ आश्विन, २०७३ | |
| ६ | संरक्षण मुखी चेतनामूलक प्रकाशनहरु | वन्यजन्तुबाट हुन सक्ने खतरा र जोगिने उपायहरु | थान | आवश्यकतानुसार | पर्यर्टक र स्थानीय वासिन्दाहरु | | Outreach-HWC (Rhinoceros and tiger) in Madi Valley of CNP |
| | | हात्ती, बाघ, मलाहा विरालोको पोष्टर तथा ब्रोसर | थान | आवश्यकतानुसार | स्थानीय वासिन्दा, पर्यटक र सरोकारवालाहरु | | USFWS-HTC,PArsa |




तस्वीर १० : समुदाय स्तरीय संरक्षण शिक्षामा सहभागीहरु

## ४.१ वन्यजन्तु आखेटोपहार प्रदर्शनी तथा सूचना केन्द्र

चितवन राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रहरुमा पर्या-पर्यटनको विकासका साथै वन्यजन्तु संरक्षण बारे चेतना फैल्याउने उद्देश्यका साथ केन्द्रद्वारा वन्यजन्तु आखेटोपहार प्रदर्शनी तथा सूचना केन्द्रको सञ्चालन भएको छ। उक्त सूचना केन्द्र राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटकहरुका लागि आकर्षक गन्तव्यस्थलको रुपमा विकास भईसकेको छ। यस आर्थिक वर्षमा निम्न स्वदेशी तथा विदेशी पर्यटकहरुले अवलोकन गरेका थिए।




तस्वीर ११ : अवलोकन गर्दै पर्यटक

**तालिका ६ : पर्यटकहरुको अगमन विवरण**

| आ.वर्ष | अन्तर्राष्ट्रिय | शार्क | राष्ट्रिय | विद्यार्थी | जम्मा |
|---|---|---|---|---|---|
| २०७३/०७४ | १०२७ | १९९९ | ७०७६९ | ३२७२१ | १०६,५१६ |

## ५. आय आर्जन कार्यक्रम

### ५.१ गाई पालन कार्यक्रम

स्थानीय वासिन्दाहरुको रोजगारीका अवसरहरु सृजना गर्दै निजहरुको वनमाथिको निर्भरतालाई कम गर्न र वन्यजन्तु संरक्षणमा सहभागीहुन प्रेरित गर्ने उद्देश्यले थाङ्खोला सामुदायिक वन उपभोक्ता समूह, साविकको पदमपुर र जुटपानी गाउँ विकास समिति अन्तर्गतका स्थानीय उपभोक्ताहरुलाई उन्नत जातको गाई पालन कार्यक्रममा आवद्ध गराउन यूएसएडको आर्थिक सहयोगमा हरियो वन कार्यक्रम अन्तर्गत यस केन्द्र मार्फत थाङ्खोला सामुदायिक वनलाई  पहिलो चरणमा २७ वटा गाई खरिद गर्न आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिएको थियो। पहिलो चरणको सफलताबाट उत्साहित भई यस वर्ष माग भए अनुसार उक्त क्षेत्रमा ४५ घरधुरीलाई उन्नत गाई खरिद गर्न सामुदायिक वन मार्फत सहयोग प्रदान गरिएको थियो। गाई पालन कार्यबाट उक्त घरपरिवारको सामाजिक तथा आर्थिक अवस्थामा सुधार हुन पुगेको छ। सहयोग गरिएको धरधुरी सर्भेक्षण गर्दा सरदर मासिक १२ हजार बचत हुने गरेको पाईयो। यस कार्यक्रमले गर्दा स्थानीय वासिन्दाहरुमा उन्नत गाई पालन प्रतिको चासो बढेको र घर व्यवहार चलाउन, बच्चाहरुको पठनपाठन र खाजा खर्चको व्यवस्थापनमा सहयोग पुगेको छ। त्यस्तै पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र अन्तर्गतको मनहरी उपभोत्ता समिति, मनहरी गाउँ पालिका वडा न. ६ र ७ का स्थानीय वासिन्दाहरुको आर्यआर्जनका अवसरहरु सृजना गरी जीवनस्तरमा सुधार ल्याउन सहयोग होस् भनि समितिको माग अनुसार USFWS HTC, Parsa कार्यक्रमको आर्थिक सहयोगमा २५ घरधुरीहरुलाई उन्नत जातको गाई खरिद गर्न  आर्थिक तथा गाई पालन विधान तयार गर्न प्राविधिक सहयोग प्रदान गरियो।

### ५.२ पथ प्रदर्शक (नेचरगाईड) तालिम

जैविक विविधता संरक्षण केन्द्रले स्थापना काल देखिनै स्थानीय तहमा नेचरगाईड तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ। यस केन्द्रले हालसम्म १००० जना भन्दा बढीलाई आधारभूत नेचरगाईड तालिम प्रदान गरी सकेको




तस्वीर १२ नेचरगाईड तालिमका सहभागीहरु

छ। नेपाल भ्रमणमा आउने स्वदेशी तथा विदेशी प्रकृति प्रेमी पर्यटकहरुलाई प्रकृति पथ प्रदर्शकको (नेचरगाईड) रुपमा सहयोगीको भूमिका निर्वाह गर्न, पर्यटनलाई व्यवस्थित वनाउनका साथै स्थानीय युवा वर्गलाई संरक्षण कार्यमा प्रत्यक्ष सहभागी हुन उत्प्रेरित गर्ने गरेको छ। सोही कार्यलाई यस बर्ष पनि निरन्तरता दिदै कालाबञ्जर उपभोक्ता समिति, चितवनको सिफारिसमा जम्मा १० जनालाई मिति २०७४ साल आषाढ २० देखि २९ गते सम्म आधारभूत नेचरगाईड तालिम प्रदान गरियो।

### ५.३ संरक्षण मैत्री उद्यम संवर्धन

यूएसएड हरियो वन कार्यक्रमको आर्थिक सहयोगमा पहिलो चरणमा सञ्चालित चर्खा मार्फत ऊन कात्ने र उन्नत जातका गाई पालन कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यका साथ दोस्रो चरणमा उक्त समूहमा आवद्ध रहेका सदस्य तथा वरण्डाभार जैविक मार्ग वनक्षेत्रसंग जोडिएका सामुदायिक वनहरुलाई समेत सहभागी गराई मिति २०७३ साल चैत्र ७ गतेका दिन जम्मा २९ जनालाई एकदिने लेखा व्यवस्थापन र मिति २०७३ साल चैत्र १० गतेका दिन जम्मा ५७ जनालाई पशुधन व्यवस्थापन सम्वन्धि १ दिने तालिम प्रदान गरियो। उक्त तालिम पश्चात समूहहरुले लेखा व्यवस्थित राख्ने र कृषकहरुको पशुधन व्यवस्थापनमा सुधार हुने भएको आशा गरिएको छ।




तस्वीर १३ : लेखा व्यवस्थापन तालिम समापन सत्र

## ६. स्वास्थ्य तथा सामुदायिक विकास कार्यक्रम

### ६.१ सरुवारोग विरुद्धको खोप

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पशुपालन पेशामा आवद्ध रहेका स्थानीय वासिन्दाहरुको पशुधन चौपायाबाट वन्यजन्तुहरुमा सरुवा हुनसक्ने रोगहरु न्यूनिकरण तथा नियन्त्रण गर्नका लागि निम्न बमोजिमका संघ संस्था र उपभोक्ता समितिहरुलाई सरुवारोग विरुद्धको खोप सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिएमा जम्मा ११२५१ वटा पशुधनमा खोप लगाउने कार्य सम्पन्न भएको थियो। साथै जगतपुर, चितवनका विभिन्न ५ वटा स्थानमा पशुस्वास्थ्य सचेतना कार्यक्रमबाट करीब २०० जना सहभागी थिए। त्यस्तै मनहरी उपभोक्ता समितिका २ जना स्थानीयलाई ३५ दिने तालिम पनि प्रदान गरियो। (तालिका १०)



तस्वीर १४: पशुधनमा खोप लगाउने प्रशिक्षण लिदै प्राविधिकहरु

### तालिका १० : खोप सञ्चालन गर्न उपलब्ध गराईएको सहयोग विवरण

| क.सं | सहयोग गरिएको संघ संस्थाको नाम | ठेगाना | गतिविधि | एकाई | लाभान्वित संख्या | आर्थिक स्रोत |
|---|---|---|---|---|---|---|
| १ | श्री कुमरोज भेटेरीनरी सेवा | खैरहनी न.पा. वडा न. १०, ११, १२ र १३ | खोप | वटा | २८५५ | Internal |
| २ | मध्यवर्ती क्षेत्र पशु सेवा केन्द्र उपभोक्ता समिति | बछौली, चितवन | खोप | वटा | १८०० | USFWS- Rhino and tiger population in CNP |
| ३ | मध्यवर्ती क्षेत्र पशु सेवा केन्द्र उपभोक्ता समिति | बछौली, चितवन | खोप | वटा | ६५८६ | USFWS- Rhino and tiger population in CNP |
| ४ | मध्यवर्ती क्षेत्र पशु सेवा केन्द्र उपभोक्ता समिति | जगतपुर, चितवन | पशुस्वास्थ्य सचेतना | स्थान | ५ | Support to veterinary center program |
| ५ | ३५ दिने पशुधन खोप तालिम | मनहरी गाउँ पालिका, मकवानपुर | तालिम | जना | २ | USFWS-HTC-Parsa |

## ६.२ विद्यालय सहयोग

स्थानीय तहमा रहेका विद्यालयहरुको भौतिक पूर्वधार विकास गर्न सहयोग पुगोस् भनि यस केन्द्रले तपसिलका विद्यालयहरुलाई निम्न कार्य गर्न आर्थिक सहयोग प्रदान गरिएको थियो । उक्त सहयोगले विद्यालयमा अध्ययनरत स्थानीय बासिन्दाहरुको बाल बालिकालाई अध्ययन गर्न सहज हुने भएको छ ।

### तालिका ११ : विद्यालय सहयोग विवरण

| क.सं. | विद्यालय | ठेगाना | गतिविधि | आर्थिक स्रोत |
|---|---|---|---|---|
| १ | श्री बकुलहर मा.वि. | रत्ननगर नगरपालिका वडा नं. १ | पर्खाल निर्माण | आन्तरिक |
| २ | श्री भीमोदय उच्च मा.वि. | कालिका नगरपालिका वडा न. १२, पदमपुर | विद्यालय परिसरमा रोपिएका विरुवाहरुको संरक्षण गर्न तारवार | आन्तरिक |
| ३ | श्री बछौली मा.वि. | रत्ननगर नगरपालिका वडा नं. ९ | शुद्ध खानेपानी तथा फोहोर मैला व्यवस्थापन | आन्तरिक |

## ६.३ समुदायद्वारा पहिचान गरिएका कार्यक्रम

स्थानीय समुदायहरुलाई जैविक विविधताको संरक्षण गर्न सक्रिय भूमिका खेल्न अभिप्रेरणा प्रदान गर्ने उद्देश्यका साथ तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालनार्थ आर्थिक सहयोग प्रदान गरिएको थियो। उक्त सहयोगले स्थानीय जनमानसको मन मस्तिष्कमा सकारात्मक सोचको विकास भई संरक्षण कार्यमा सहयोग पुगेको छ।

### तालिका १२ : प्रदान गरिएको सहयोग विवरण

| क.सं. | नाम | ठेगाना | गतिविधि | उपलब्धी | आर्थिक श्रोत्त |
|---|---|---|---|---|---|
| १ | ब्रम्हकुमारी राजयोग सेवा केन्द्र | र.नपा. १७, मैनाहा | परिसरमा बृक्षारोपण गरिएका विरुवाहरुको संरक्षण गर्न कम्पाउण्ड घेरवार । | विरुवाहरुको संरक्षण | आन्तरिक |
| २ | पञ्चरत्न दुग्ध उत्पादन सहकारी संस्था लि. | र.नपा. १०, जिरौना | भौतिक संरचना निर्माण गर्न आंशिक आर्थिक सहयोग | संस्थागत विकास हुने । | आन्तरिक |
| ३ | श्री निकुञ्ज चोक टोल विकास समिति, सौराहालाई | र.नपा. १८, सौराहा | सोलार वत्ति जडान | वन्यजन्तुबाट हुनसक्ने मानवीय घटनाहरुलाई न्यूनिकरण हुने । | आन्तरिक |
| ४ | मृगकुञ्ज मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था लि | रत्ननगर नगरपालिका १८, बछौली | कम्प्यूटर खरिद | संस्थागत विकास हुने । | आन्तरिक |
| ५ | मृगकुञ्ज उपभोक्ता समिति | रत्ननगर नगरपालिका १८, बछौली | मानव वन्यजन्तु व्यवस्थापन सम्बन्धि अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण | क्षमता विकास हुने । | आन्तरिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | क्षेत्रिय होटल संघ | रत्ननगर नगरपालिका , सौराहा | १३ औं चितवन हात्ती महोत्सव २०७३ | पौष ११ देखी १५, २०७२ मा १३ औं चितवन हात्ती महोत्सव सम्पन्न । | आन्तरिक |
| ७ | श्री नन्दभाउजु उपभोक्ता समिति | मध्यविन्दु न.पा. २ कोल्हुवा | राईनो संरक्षण गोल्डकप २०७३ फुटबल प्रतियोगिा | सम्पन्न | आन्तरिक |
| ८ | रेष्टुरेन्ट एण्ड बार एसोसियसन नेपाल | रत्ननगर नगरपालिका , सौराहा | ११ औं सौराहा फुट फेष्टिवल–२०७३, | सम्पन्न | आन्तरिक |
| ९ | हिमाल युवा क्लब | भरतपुर | राइनो कप भलिवल प्रतियोगिता | सम्पन्न | आन्तरिक |

### ६.४ दराई गृहवास(होमस्टे)

चितवन राष्ट्रिय निकुन्जको भ्रमण गर्न आउने स्वदेशी तथा विदेशी पयर्टकहरुलाई लक्षित गर्दै ग्रामिण क्षेत्रमा पर्या–पयर्टनको विकास गरी स्थानीय वासिन्दाहरुको जीवनस्तर उकास्ने उद्देश्यका साथ खैरहनी नगर पालिका वडा न. १२, घोकेलामा गतवर्ष ६ वटा घरमा गृहवास कार्यक्रम सञ्चालन गरिएको थियो। सोही कार्यक्रमलाई अझै व्यवस्थीत गर्न यस वर्षमा श्री बुढीराप्ती उपभोक्ता समिति, कुमरोजलाई दराई गृहवास, घोकेलामा सामुदायिक भवन तथा भान्सा घर निर्माण गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिएको छ।

## ८. मानवीय स्रोत तथा समुदायको क्षमता विकास कार्यक्रम

### ८.१ सिमसार व्यवस्थापनका लागि स्थानीय स्रोत व्यक्ति विकास तालिम

चितवन राष्ट्रिय निकुन्जलाई दक्षिणमा भारतको बाल्मिकी टाईगर रिजर्भ र उत्तरमा अन्नपूर्ण संरक्षण क्षेत्रसंग जोड्ने एकमात्र प्राकृतिक जैविक मार्गको रुपमा वरण्डाभार जैविक मार्ग वन रहेको छ। यो वनक्षेत्रको प्रयोग गर्दै वन्यजन्तुहरु पहाड देखि तराई हुदै भारत सम्म आवतजावत गर्ने गरेको विभिन्न अध्ययन अनुसन्धानमा देखिदैं आएको छ। यस मार्ग वनक्षेत्र र यहाँ रहेका सिमसारहरुको दिगो संरक्षण तथा व्यवस्थापन गर्न स्थानीय वासिन्दा र सामुदायिक वन उपभोक्ता समूहहरुलाई स्वर्स्फत सहभागीहुन र जिम्मेवारी बोध गराउने उद्देश्यले यूएसएड हरियो वन कार्यक्रम दोस्रो चरणको आर्थिक सहयोगमा मिति २०७४ साल आषाढ महिनाको ११ र १२ गते दुईदिने स्थानीय श्रोत्त व्यक्ति विकास तालिम सञ्चालन गरियो। उक्त तालिममा २० वटा सामुदायिक वनबाट जम्मा २२ जना (महिला १३, पुरुष ९) सहभागी हुनु भएको थियो। उक्त तालिम पश्चात स्थानीयहरुमा संरक्षणप्रति सकारात्मक सोचको विकास गर्न मद्दत पुगेको छ।

### ८.२ कर्मचारी क्षमता विकास तालिमः

राष्ट्रिय प्रकृति संरक्षण कोष अर्न्तगतका विभिन्न आयोजनाहरुमा कार्यरत वन्यजन्तु प्राविधिकहरुको क्षमता अभिबृद्धि गर्न र भविष्यमा wild life and Natural Resource Management Techmician- Level 1 तालिम सञ्चालन सम्वन्धी पाठ्यक्रम



तस्वीर १५: Develop a curriculum (DECUM) सम्बन्धी छलफल

तयार गर्न कान्तिपुर बहु प्राविधिक शिक्षालय, भरतपुरको सहजीकरणमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई आर्थिक सहयोग प्रदान गएिको छ। उक्त पाठ्यक्रम तयारका लागि चितवन राष्ट्रिय निकुञ्ज, कान्तिपुर बहु प्राविधिक शिक्षालय, यस केन्द्र र अन्य सरोकारवालासंगको परामर्श बैठक सम्पन्न गरिएको थियो। यस पाठ्यक्रमबाट वन्यजन्तु प्राविधिक तालिम सञ्चालन र प्राविधिक छनौट गर्न टेवा पुग्ने छ।

त्यस्तै : (Develop a curriculum (DECUM) तयार गर्न २३ देखि २५ मार्च २०१७ मा यस केन्द्रमा वन्यजन्तु प्राविधिक लगायत अन्य कर्मचारीहरुको सहभागितामा विविध विषयहरुमा छलफल गर्दै कार्यशाला गोष्ठी सम्पन्न भयो। उक्त गोष्ठीमा २१ जना कर्मचारीहरुको सहभागी रहेका थिए। गोष्ठीको सहजीकरण CTEVT बाट आउनु भएका कर्मचारीहरुले गर्नु भएको थियो।

**तालिका १० : अन्तरार्ष्ट्रिय तालिममा सहभागी भएका कर्मचारीहरुको विवरण**

| क्र.सं. | नाम | पद | अवधि | विषय | आयोजक देश |
|---|---|---|---|---|---|
| १ | सनीर लामिछाने | संरक्षण अधिकृत | २१ जुन देखि ११ जुलाई, २०१७ | Training seminar on Asia CITES impelimentation and wildlife conservation | China |
| २ | सन्तोष भट्टराई | संरक्षण अधिकृत | २८ मार्च देखि २८ अप्रिल २०१७ | Seminar on Comprehensive Soil and Nutrient Management | China |
| ३ | शशाङ्क पौडेल | संरक्षण अधिकृत | ७ देखि २७ अप्रिल २०१७ | Seminar on Biogas Industry Promotion and Management for Developing Countries in 2017 | China |
| ४ | शंकर चौधरी | वरिष्ठ प्राकृतिक स्रोत संरक्षण सहायक | ११ देखि ३०, जुन २०१७ | Training Course on biogas technology Rural enengies and envormental protection for developing contries | China |
| ५ | डा. अमिर सडौला | वरिष्ठ भेटनेनारी सहायक | १ देखि ५ अगस्त, २०१६ | DNA Based wildlife forensic techniques for scientific officers from nepal, Wll, Dehradun | India |
| | | | १ देखि २८ सेप्टेम्वर, २०१६ | Prevention and treatment of animal epidemics indeveloping countries, Jilin Agricaltural Uniersity,China | China |
| | | | ५ देखि २४ फेवरी, २०१७ | Field Training Course on intervention in wildanimal health, Sariska Tiger Reserve, Rajasthan,India | India |

### ८.३ ईन्ट्रन्सिप (Internship)

कोषको नीति अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छात्र छात्राहरुलाई नयाँ अनुसन्धान गर्नका लागि केन्द्रले ईन्ट्रन्सिपको अवसर प्रदान गर्दै आएको छ। नेपाल र नेपालीहरुको संस्कृतिको बारेमा अनुभव तथा ज्ञान प्राप्त गर्ने अवसर प्रदान गरी सुमधुर सम्वन्ध स्थापना गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यस वर्ष मेननोसोटा विश्वविद्यालयका ५ जना विद्यार्थीलाई २१ मे देखि जुलाई २०१७ सम्म) र अन्य ५ जना गरी जम्मा १० जनालाई ईन्ट्रन्सिपको सहयोग उपलब्ध गराएको थियो। निज विद्यार्थीहरु केन्द्रद्वारा श्री थाङ्खोला सामुदायिक वन उपभोक्ता समूह, पदमपुर जुटपानीमा सञ्चालित संरक्षण मैत्री उद्यमशील कार्यक्रम अन्तर्गत चर्खा र गाई पालन कार्यको बारेमा प्रश्नपत्र तयार गरी अन्र्तवार्ता गरेका थिए।

**तालिका १६ : ईन्ट्रन्सिप गर्न आएका विद्याथीहरु**

| क्र.सं. | विद्यार्थीको नाम | देश |
|---|---|---|
| १ | Simon Reynaert | Belgium |
| २ | Ophilie | France |
| ३ | Isaac Giron | USA |
| ४ | Erin Wiedenman | USA |
| ५ | Elmohanadelsayad | Egypt |
| ६ | Chritian Golightly | USA |
| ७ | Sophia Graybill | USA |
| ८ | Milfna krasic | Monienegro |
| ९ | Jennife Hatran | USA |
| १० | Suzie Marlow | USA |

# ९. प्रजाति प्रजनन्, संरक्षण तथा व्यवस्थापन

## ९.१ गिद्ध संरक्षण तथा प्रजनन् कार्यक्रम

नेपालमा ९ प्रजातिका गिद्धहरु पाइन्छन्। विगत डेढ दशकदेखि भारतीय उपमहादीपमा गिद्धको संख्या झण्डै ९५ प्रतिशत घटिसकेको छ। प्राकृतिक अवस्थामा गिद्धको संरक्षणमा चुनौती देखिएकाले नेपाल सरकार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, पंक्षी संरक्षण संघ नेपाल, रोयल सोसाइटी फर प्रोटेक्सन अफ वर्ड र जुलोजिकल सोसाइटी अफ लण्डनको संयुक्त प्रयासमा चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्ध प्रजनन् केन्द्रको स्थापना गरिएको। उक्त केन्द्रमा जंगली अवस्थामा गुँडबाट ल्याएर केन्द्रमा हुर्काईएका विभिन्न उमेर समूहका ५१ वटा डंगर गिद्धहरु रहेका छन्। आगामी वर्षहरुमा प्रजनन् केन्द्रबाट गिद्धका बच्चाहरु उत्पादन गरी प्राकृतिक अवस्थामा छाडिने लक्ष्य रहे अनुसार हाल चितवन राष्ट्रिय निकुञ्ज, NTNC RSPB, ZSL, BCN, को संयूक्त पहलमा २०७३ चैत्र २३ गते वन्यजन्तु संरक्षण विभाग महानिर्देशक ज्यूको प्रमुख आतिथ्यमा गिद्ध रेष्टुरेन्ट सेन्टर, पिठौली, नवलपरासीमा जोडी नभएका ६ वटा पोथी गिद्धलाई Soft Release राखिएको छ। उक्त गिद्धहरुलाई पछि प्राकृतिक वासस्थानमा स्तानान्तरण गरिनेछ। केन्द्रले गिद्धहरुलाई सुरक्षित सिनो खुवाउनका लागि नजिकका स्थानीय कृषकहरुबाट राँगा र बाँखा खरिद गरी एक सप्ताहसम्म पालेर निगरानीमा राखी सो पश्चात गिद्धलाई आहाराको रुपमा खुवाउन आवश्यक व्यवस्था मिलाउने गरेको छ। त्यस्तै यस केन्द्रमा यस वर्ष ९ वटा बच्चाहरु जन्मिएको मध्ये ८ वटा गिद्धका बच्चाहरु स्वस्थ रहेका छन् भने एउटा गिद्धको वच्चा २७ अप्रिल २०१७ मा मृत्यु भयो।

## ९.२ गोही प्रजनन् केन्द्र

नेपालका नदीहरुमा घडियाल गोहिको संख्यामा कमी हुन नदिई यिनको अस्तित्वलाई दिर्घकालिन रुपमा सुनिश्चित गर्न सहयोग पुऱ्याउने हेतुले ई.स. १९७८ मा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय नजिक कसरामा प्रजनन् केन्द्रको स्थापना भयो। उक्त स्थापित घडियाल गोही प्रजनन केन्द्रको व्यवस्थापनाका लागि जैविक विविधता संरक्षण केन्द्रले निकुञ्ज कार्यालयको माग अनुसार आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। उक्त प्रजनन् केन्द्रमा ५४० वटा गोही रहेको छन्।

## ९.३ हात्ती प्रजनन् केन्द्र

तराईका विभिन्न राष्ट्रिय निकुञ्ज र आरक्षहरुमा नियमित गस्ती तथा अध्ययन अनुसन्धान कार्यमा आवश्यक पर्ने घर पालुवा हात्तीहरु उत्पादन गर्ने उद्देश्यले नेपाल सरकारले चितवनको खोरसोरमा वि. स. २०४३ सालमा हात्ती प्रजनन् केन्द्रको स्थापना गरिएको थियो। उक्त केन्द्रलाई जैविक विविधता संरक्षण केन्द्रले बार्षिक रुपमा आर्थिक सहयोग उपलव्ध गराउँदै आएको छ। उक्त प्रजनन् केन्द्रमा हाल जम्मा १८ वटा हात्तीहरु रहेका छन्।

# नेपालमा बाघ संरक्षणका प्रयास र चुनौतीहरू

**डा. चिरञ्जीवी प्रसाद पोखरेल**
**श्री शशांक पौडेल**

बाघ (*Panthera tigris*) फेलिडी (Felidae) परिवारको प्यान्थेरा (*Panthera*) वर्ग अन्तर्गत पर्ने "ठूलो बिरालो" (*Big cats*) समुहको सबैभन्दा ठूलो जनावर हो। पृथ्वीमा पाइने अनेक प्राणीहरु मध्ये पाटे बाघ एक अनुसासित, दुर्लभ र लजालु स्वभावको प्राणी हो। यसको बलिष्ठ शरीर र विशाल कायाका अलावा सेतो वा गाढा सुन्तला रंगको भुत्लाले ढाकेको शरीरमा हुने काला पाटाहरूका कारण अभूतपूर्ण रङ्ग संयोजनले गर्दा ज्यादै आकर्षक देखिन्छ। लामा तीखा कुकुरदाँत हुने यो जनावर एक मांशहारी जनावर हो। संसारका अन्य सभ्यता संगै हाम्रो पूर्वीय सनातन सभ्यताको पनि धर्म, संस्कृति र परम्परामा यस प्राणीको एक अलौकिक स्थान रहन गएको छ। कुनै समयमा बेंगाल, साउथ चाइना, इन्डोचाइनिज, अमुर, मलेयन, सुमात्रन, जाभन, क्यास्पियन र बाली गरि यसका ९ वटा उपप्रजातीहरु पाइन्थ्यो। यस मध्येका ३ वटा उपप्रजातिहरु (बाली, क्यास्पियन र जाभन) संसारबाट लोप भईसकेका छन्।

नेपालमा पाईने बेंगाल उपप्रजातिको पाटेबाघलाई रोयल बेंगाल टाइगर पनि भनिन्छ। संसारमा बाँकी रहेका उपप्रजाति मध्ये धेरै संख्यामा पाइने पाटेबाघ मूलत : नेपाल, भारत, बंगलादेश र भुटानमा पाईन्छ। घाँसे मैदानदेखि उष्ण तथा समशितोष्ण सदाबहार जङ्गलहरु र झाँडीहरुमा मात्र नभएर मरुभूमि आसपासका पतझर वनहरु, सुख्खा झाँडीहरुमा र ओशीला दलदलहरुमा समेत बाघले आफ्नो बासस्थान बनाएको हुन्छ।

बढ्दै गरेको मानवीय जनसंख्या र औद्योगिकीकरणले गर्दा निरन्तर रुपमा घट्दो संख्या र खुम्चिदै गएको वासस्थानलाई मध्यनजर गर्दै पाटे बाघलाई अन्तर्राराष्ट्रिय संरक्षण संघ (आइयुसियन) को रातो किताबमा "इन्डेजर्ड" प्रजातिहरुको सुचीमा राखिएको छ ।

नेपालमा पाटे बाघ पाइने स्थान खास गरि तराई भूपरिधिको पुर्वमा बागमती देखि पश्चिममा महाकाली नदी सम्मको क्षेत्र हो। तराई भूपरिधि स्तरमा वनस्पति तथा वन्यजन्तुहरुको संरक्षण गर्न घोषणा भएका राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष र नेपाल सरकारद्वारा संरक्षण गरिएका वनक्षेत्रहरु बाघको मुख्य वासस्थानका रुपमा रहेका छन्। सन् २०१३ मा भएको राष्ट्रिय बाघ गणनाको तथ्यांकलाई हेर्दा चितवन १२०, बर्दिया ५०, शुक्लाफाँटा १७, पर्सा ७ र बाँकेमा ४ गरि नेपालमा जम्मा १९८ वटा बयस्क बाघ रहेका छन्।

१९ औं शताब्दीको शुरु ताका संसारमा बाघको अनुमानित संख्या एक लाखको आसपास थियो भने अहिलेको अवस्थामा यसको संख्यामा उल्लेख ह्रास आएको र हाल ४००० भन्दा कम रहेको भन्ने अनुमान अनुसन्धानकर्ता र वैज्ञानिकहरुले गरेका छन्। सन् २०१० मा रसियाको सेन्टपिटर्स वर्गमा बाघ पाइने १३ मुलुकका राष्ट्राध्येक्षहरुले २०२२ सम्ममा यसको संख्यालाई दोब्बर बनाउने प्रतिबद्धता सहित लक्ष्य निर्धारित गरे। यस सम्मेलन मार्फत बाघ पाइने देशहरुमा यसको संरक्षणका लागि दरिलो राजनैतिक इच्छा शक्ति छ भन्ने कुरा स्थापित भयो। मानिस बाहेक अरु कुनै प्रजातिको लागि राष्ट्राध्येक्षहरु एकै ठाउँमा आएर प्रतिबद्धता व्यक्त भएको विश्व इतिहासमा यो पहिलो होला। विश्व बैंकको सहयोगमा आयोजना भएको सो सम्मेलन पछि हरेक बर्ष जुलाई २९ का दिनलाई विश्व बाघ दिवसको रुपमा मनाउँदैं आएको पाईन्छ।

### बाघको महत्त्व र नेपालमा संरक्षण :

बाघ स्वस्थ वन र वातावारणको सूचक हो। एक वयस्क बाघले वर्षमा सरदार ५० वटा मृग प्रजातिको शिकार गर्छ। चित्तल, जरायो, बँदेल, लगुना, रतुवा जस्ता अन्य आहारा प्रजातिले घाँस, बोट, बिरुवा खाने र यिनलाई बाँघले खाने हुनाले परिस्थिकीय प्रणालीमा यो सबै भन्दा उच्च स्थानमा रहेको छ।

तसर्थ वन जंगलमा भएका स्वच्छ पानीका मुहानहरु, खोलानाला, हामीले स्वास फेर्न आवश्यक अक्सिजनको लागि चाहिने रुखहरु यो सम्पूर्णको अभिवावकको रुपमा रही सन्तुलन गर्ने हुनाले पनि सायद बाघलाई जंगलको राजा भनिन्छ । कुनै पनि तराईको जंगलमा यसको संख्या राम्रो हुनु भनेको सम्पूर्ण प्रणाली सहि तरिकाले चलेको छ भन्ने सूचक हो, त्यसैले बाघ संरक्षण गर्दा यी सबैको संरक्षण हुन्छ। धार्मिक तथा सास्कृतिक महत्वको हिसाबले हेर्दा बाघलाई दुर्गा भगवतीको बाहनको रुपमा लिईन्छ।

नेपालको वन्यजन्तु संरक्षण सम्बन्धी निकायहरुले धेरै अघि देखि नै बाघलाई मुख्य प्रजातिका रुपमा राखेर यसको संरक्षण र संख्या बृद्धिका लागि कार्यक्रमहरु गर्दै आएको छ। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले पनि बाघलाई संरक्षित जनावरको रुपमा सुचिकृत गरेको छ । यसको शिकार गर्नेलाई ५ देखि १५ बर्ष सम्मको कैद र पाँच देखि दश लाख सम्मको दण्ड सजायको व्यवस्था गरेको छ। नेपालमा वैज्ञानिक तवरले सबै भन्दा पहिले अध्ययन र अनुशन्धान थालिएको जनावर बाघ नै हो। सन् १९७० को दशकमा नेपाल सरकार र इस्मिथसोनियन इन्स्टिच्युट बीच दिर्घकालिन बाघ अनुगमन परियोजना अन्तर्गत चितवन राष्ट्रिय निकुन्जमा बाघ सम्बन्धी अनुशन्धानका कार्यहरु गरिएको थियो। यो अनुशन्धानले बाघको जीव विज्ञान सम्बन्धि महत्त्वपूर्ण तथ्यहरु उजागर गरेको थियो। अहिले पनि विभिन्न सरोकारवालाहरुले बाघ संरक्षणमा धेरै

थरि संरक्षणका कार्यक्रमहरु संचालन गरिराखेका छन्।

बाँके राष्ट्रिय निकुन्जको स्थापना, पर्सा राष्ट्रिय निकुन्जको क्षेत्रविस्तार, व्यवस्थित र वैज्ञानिक रुपमा गरिने गस्तीहरु, मानव वन्यजन्तु द्वन्द पिडितले पाउने रकममा समयानुसारको बृद्धि यो सबै कार्यहरुले नेपाल सरकारको बाघ संरक्षण प्रतिको दृढताको पुष्टि गर्दछ। यसका साथै प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाघ संरक्षण समिति साथै चोरीशिकार र अवैध व्यापार नियन्त्रणका लागि वन्यजन्तु अपराध नियन्त्रण ब्युरोको गठनले राज्य बाघ संरक्षणको प्रयास तर्फ संवेदनशील छ भन्ने कुरा प्रष्ट पार्छ । यसको संख्यामा निरन्तर वृद्धि हुनु भनेको संरक्षणका हाम्रा प्रयासहरु पनि सहि दिशा तर्फ अग्रसर छन् भन्ने संकेत हो। कन्सेर्वेसन अस्युरेड टाइगर स्ट्यानडर्ड (क्याट्स) बाट अघिल्लो वर्ष नेपालको चितवन राष्ट्रिय निकुन्ज बाघ र बाघको बासस्थानका लागि उत्कृष्ठ भनि सम्मानित भयो। यस बाहेक साइटिस सन्धीले पनि सुन्य चोरीसिकार बर्ष मनाउन सफल भएकै कारण उत्कृष्ठ भनि पुरस्कृत गरेको छ। निश्चय पनि यी सफलताहरु नेपाल सरकारको नेतृत्वमा सबै सरोकारवाला संघ संस्थाहरुको संयुक्त प्रयासमा हात परेको हो। यसमा खास रुपमा भन्नु पर्दा समुदायको तर्फबाट भएको सहयोग र समर्थन अतुलनीय छ। बाघले आफ्नो वस्तुभाउ मारेर खाँदा पनि राहतको रकममा चित्त बुझाउने किसानहरुका कारण बाघ संरक्षण सम्भव भएको भन्ने कुरामा कुनै दुईमतहुन सक्दैन।

**संरक्षणका चुनौती र बाटोहरू :**

बाघ संरक्षणमा अथक प्रयासहरु भए तापनि अझै संरक्षणका चुनौतीहरु भने थपिदै गएका छन् र यसका धेरै आयाम र फरक फरक जटिलताहरु बिधमान छन्। सबैभन्दा महत्वपूर्ण बिषय हो, अवैध चोरीशिकार, अझै पनि दक्षिणपूर्वी एसियाली मुलुकहरुमा बाघको छाला र अन्य अंगहरुको ठुलो माग छ। त्यहाँको पारम्परिक चिकित्सा प्रणाली अन्तर्गत औषधिहरुमा बाघको अंग एकदमै प्रभावकारी तत्वको रुपमा छ। विज्ञानले यस्ता कुराहरुलाई खण्डन गरिसकेको र बाघको अंगहरुमा कुनै रासायनिक खुबी छैन भन्ने प्रष्ट पारिसकेको छ। तर पनि मानिसको सोच र अन्धविश्वास चिर्न र परिवर्तन गर्न लामो समय खर्चिनु पर्ने हुन्छ। बाघ भएका देशहरु संगसंगै यस्ता ठाउँहरुमा पनि उपभोक्ता जागरण अभियान संचालन गरे बाघको भविष्य सुरक्षित गराउँन सकिन्छ। साथै बाघ पाइने ठाउँमा वैज्ञानिक तथा विकसित प्रविधिको प्रयोगद्वारा गस्तीहरु संचालन गरि प्रचलित कानून र नियमलाई अझै प्रभावकारी बनाउनु आवश्यक छ। अक्सर चोरी शिकारीमा सम्लगन भएका मानिसहरू अतिविपन्न र सिमान्तिकृत समुदायका हुन्छन्, यस्ता समुदायहरुमा मृत अवस्थाको भन्दा जीवित बाघ हालको लागि र भावी सन्ततिको लागि समेत महत्त्वपूर्ण हुन्छ भनेर सन्देश फैलाउनु पर्छ । राजनैतिक अस्थिरता पश्चात नेपालको वनहरू माथि सधै संकट थापिदै गयो। भू बनोटका कारणले तराईको बसोबास पहाडको तुलनामा सहज हुने हुँदा हजारौको संख्यामा बसाईसराईले गर्दा वन अतिक्रमण, प्रकृतिक श्रोत साधनको अत्यधिक दोहन जस्ता समस्याले बाघको बासस्थान क्षेय हुँदै गएको छ। यसको समाधानका लागि बसाईसरि आउने परिवारको सहि अभिलेखिकरण गरि जग्गा भोगाधिकार मात्र दिने गर्नुपर्छ। साथै राजनैतिक अभिष्ठ पुरा गर्नका लागि वन अतिक्रमणकारीहरुले पाउने संरक्षणको अभ्यास पछिल्लो समयमा एक टड्कारो समस्याको रुपमा उदाउदै गरेको छ यस्ता कार्यलाई राजनैतिक दलहरुले निरुउसाहित गर्दै जानुपर्छ। वन्यजन्तुको मुख्य बासस्थान रहेका निकुन्ज तथा आरक्षहरु हेर्ने हो भने घना मानववस्तीको बीचमा सानो सानो टापूका रुपमा रहेका छन् । बाघको विचरण गर्नेक्षेत्र साँघुरिदै जाँदा द्वन्द्वको स्थिति उत्पन्न हुनु स्वाभाविक हो। बाघ बुढो र घाइते भएको अवस्थामा आफ्नो प्राकृतिक आहारा समाउन असक्षम हुन्छ र कहिलेकाँही सजिलो आहाराको लागि मानिस संग जम्काभेट भएको अवस्थामा आक्रमण गर्छ अथवा पालेका घरपालुवा बस्तुभाउ आक्रमण गरि खान्छ। यस बाहेक बाघको संख्याको विस्तार हुदै जाँदा हुर्किदै गएको अर्धवयस्क बाघहरुलाई आवश्यक पर्ने ठाउँ नभेट्दा जंगलको छेउमा र गाउँ नजिकको जंगललाई उसले बासस्थानको रुपमा प्रयोग गर्छ र त्यहाँ मानिस संग द्वन्दको हुने सम्भावना सिर्जना हुनसक्छ । मानव बाघ द्वन्द्व समाधानका दुई वटा पक्ष रहन सक्छ , एउटा द्वन्द्व हुन नदिने **रोकथामको विधि** भने अर्को भैसकेको द्वन्द्वलाई सहि व्यवस्थापन गर्ने **उपचारको बिधि** रोकथामको विधिमा बाघको आवश्कतालाई विचार गरि बासस्थानको सहि विस्तार र आममानिसमा बाघको आवश्यकताहरुका बारेमा जानकारी दिने जस्ता कार्यहरु पर्छ। उपचारको विधि अन्तर्गत घटी सकेको द्वन्दको सहि व्यवस्थापनमा घटना घटेको अवस्थामा समस्या ग्रस्त जनावर नियन्तरण र उद्धार गर्ने सक्षम प्राविधिकहरुको टोलि तथा द्वन्द्व पिडितहरुका लागि राहत र सहयोग पर्छ।

पछिल्लो अवस्थामा आवधिक रुपमा गरिने राष्ट्रिय बाघ गणना बाहेक अरु बाघ संग प्रत्यक्ष सरोकार राख्ने अध्ययन र अनुसन्धानका कार्यहरु न्यून रुपमा भएका छन्। बाघले कुन तरिकाले वन र आफ्नो वासस्थानको प्रयोग गरेको छ, मानिसहरुको वस्ती नजिक विचरण गर्ने गरेको छ वा छैन, जलबायु परिवर्तनले बाघमा कस्तो असर परेको छ, कस्ता खाले रोगको बाघ सिकार हुन सक्छ जस्ता धेरै विषय छन् जसको अनुसन्धान गरिनुपर्छ। जसरी सन् १९७० को दशकमा बाघको अध्ययनले नेपाल विश्व सामु परिचित भएको थियो त्यस्तो दिर्घकालिन अध्ययनहरु फेरी पनि सुरु गर्नुपर्ने खाँचो देखिएको छ। यस्तो अध्ययन गर्न नेपाल सरकारको नेतृत्वमा नेपाली अनुसन्धानकर्ता र संस्थाहरु आफै सक्षम छन्। बाघ संरक्षण एक विज्ञान हो र यसमा अनुसन्धानको पाटो नराखी यो सम्भव हुदैन। आशा गरौ यसै वर्ष हुने राष्ट्रिय बाघ गणनाले नेपालमा बाघको संख्याका बारेमा संरक्षण कर्मीहरुलाई थप उत्साहित गर्नुका साथै नेपालमा बाघको संख्याका बारेमा आशा गरे अनुसारको तथ्यांक निकाल्ने छ।

*राष्ट्रिय प्रकृति संरक्षण कोष जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवन।*

## पाठकबृन्दमा अनुरोध

यस समाचारपत्रलाई परिष्कृत र परिमार्जित गरी अझै ज्ञानमूलक बनाउने हाम्रो लक्ष्य रहेको हुँदा सो कार्यको निम्ति पाठकबृन्दहरुबाट उपयुक्त सुझाव र सामाग्रीहरुको आशा गरेका छौं । यहाँहरुको बहुमुल्य सुझाव र रचनाहरु निम्न ठेगानामा पठाई सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

**सूचना शाखा**
**जैविक विविधता संरक्षण केन्द्र**
सौराहा, चितवन
फोनः ०५६-५८००६२, फ्याक्सः ०५६-५८०१५३

नामः ........................................................................................

ठेगानाः ....................................................................................